आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०६ जुलाई २०२४

समयः १८ः५० - १९ः०० बजे

**प्रमुख समाचार**

१- प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी वर्षहरुमा भारत र रुस बीचको सम्बन्धमा अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभएको छ ।

२. राष्ट्रपति द्रौपदी मुर्मूले विद्यार्थीहरुलाई आफ्नो शिक्षा र ज्ञानलाई मानव जाति र राष्ट्रका उत्थानको लागि प्रयोग गर्ने आग्रह गर्नुभएको छ।

३. केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राज्य र केन्द्र शासित प्रदेशहरूलाई सहयोगी शिक्षा प्रणाली निर्माण गर्न मिलेर काम गर्ने आह्वान गर्नुभएको छ स

४. दार्जीलिङका लोकसभा सांसद राजु विष्टले आज खरसाङ महकुमा अन्तर्गत तीनधारे महानदी समष्टिका विभिन्न स्थानहरू साथै रास्ट्रीय राजमार्ग -११० अन्तर्गत पगलाझोड़ा र महानदीको पैह्रोको स्थलगत निरीक्षण गर्नुभएको छ स

**प्रधानमंत्री नरेंद्र मोदी भारत-रूस संबंध**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी वर्षहरुमा भारत र रुस बीचको सम्बन्धमा अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभएको छ । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटमा श्री मोदीले लगभग १० वर्षमा उहाहरु बीच १७ पटक भेट भएको र पछिल्लो २५ वर्षमा लगभग २२ द्विपक्षीय बैठक भएको बताउनु भएको छ । उहाले भन्नुभएको छ -श्विगत ४०–५० वर्षदेखि भारतले आतंकवादको सामना गरिरहेको छ। प्रधानमन्त्री श्री मोदीले आतङ्कवादका सबै रूप र अभिव्यक्तिको निन्दा गर्नुहुदै विगत पाँच वर्षमा कोभिड महामारीका कारण विश्वले धैरै चुनौतीको सामना गर्नुपरेको बताउनुभएको छ । श्री मोदीले भारत-रूस सहयोगको सराहना गर्नुभएको छ , जसले भारतीय किसान र भारतीय उपभोक्ताहरूलाई मद्दत गरेको छ। विश्वले इन्धनको चुनौती सामना गरिरहेको बेला रुसको सहयोगले भारतलाई पेट्रोल र डिजेलको आवश्यकता पूरा गर्न मद्दत गरेको प्रधानमन्त्री मोदीले बताउनु भएको छ । उहाले भारत र रुस बीच इन्धन सम्बन्धी सम्झौताले अन्तर्राष्ट्रिय बजारलाई स्थिर बनाउन महत्वपूर्ण भूमिका खेलेको कुरा विश्वले स्वीकार गर्नुपर्ने बताउनु भएको छ ।

****** ० ******

**प्रधानमन्त्री –श्रद्धाञ्जली**

प्रधानमन्त्री नरेन्द्र मोदीले रुसको राजधानी मस्कोमा स्थित एक अज्ञात सैनिकको समाधिस्थलमा श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। अज्ञात सैनिकको समाधि मस्कोको क्रेमलिन पर्खालमा अवस्थित एक युद्ध स्मारक हो। यो दोस्रो विश्वयुद्धमा ज्यान गुमाएका सोभियत सैनिकहरु प्रति समर्पित छ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मू- भुवनेश्वर**

राष्ट्रपति द्रौपदी मुर्मूले विद्यार्थीहरुलाई आफ्नो शिक्षा र ज्ञानलाई मानव जाति र राष्ट्रका उत्थानको लागि प्रयोग गर्ने आग्रह गर्नुभएको छ स भुवनेश्वरमा आज निसेरको १३ औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति मुर्मुले आज नेसनल इन्स्टिच्युट अफ साइन्स एजुकेसन एन्ड रिसर्चका स्नातकहरूलाई बधाई दिनुभएको छ स उहाले शिक्षालाई अमृतको रूपमा वर्णन गर्नुहुदै भारतीय भौतिकविद सर सीभी रमन र प्रख्यात खगोलशास्त्रीए गणितज्ञ तथा विद्वान पठानी सामन्त जस्ता अविस्मरणीय व्यक्तित्वहरूको निर्माणमा शिक्षाको महत्वपूर्ण योगदान रहेको बताउनुभएको छ स राष्ट्रपति मुर्मुले विज्ञान र प्रविधिले मानव विनाश निम्त्याउन सक्ने

भएकाले अध्ययन तथा अनुसन्धानमा विज्ञान र प्रविधिको दुरुपयोग नगर्न विद्यार्थीलाई सचेत गराउनुभएको छ । राष्ट्रपति मुर्मु शनिबारदेखि आफ्नो गृहराज्य उडिसाको चार दिवशीय भ्रमणमा रहनुभएको छ ।

****** ० ******

**प्रधानमंत्री नरेन्द्र मोदी रुस**

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो तेस्रो कार्यकालमा भारतलाई विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बनाउने सरकारको लक्ष्य रहेको बताउनु भएको छ । रुसको राजधानी मस्कोमा भारतीय समुदायलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयोए ष्आज भारतले कुनै पनि लक्ष्य निर्धारण गर्छ त्यसलाई हासिल गरि छाड्छ । उहाँले तेस्रो पटक सरकार गठन भएपछि प्रवासी भारतीय समुदायसँग यो पहिलो अन्तरक्रिया भएको बताउनु भएको छ । प्रधानमन्त्री श्री मोदीले आफूले तीन गुणा बढी शक्ति र तीन गुणा बढी गतिका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

****** ० ******

**केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधान**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राज्य र केन्द्र शासित प्रदेशहरूलाई सहयोगी शिक्षा प्रणाली निर्माण गर्न मिलेर काम गर्ने आह्वान गर्नुभएको छ स श्री प्रधानले आज नयाँ दिल्लीमा राज्य र केन्द्र शासित प्रदेशहरूसँग स्कूल शिक्षा र साक्षरता विभागको समीक्षा बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुदै उहाँले विद्यालय शिक्षाको समग्र विकासका लागि आगामी पाँच वर्षको मार्गचित्रका बारेमा आफ्नो धारणा राख्नुभयो । उहाले प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको परिकल्पनाको मुख्य आधार शिक्षा भएको बताउनु भएको छ । केन्द्रीय मंत्री श्री प्रधानले राज्य र केन्द्र शासित प्रदेशहरूलाई यो लक्ष्य हासिल गर्न मिलेर काम गर्न आह्वान गर्नुभएको छ। श्री प्रधानले भन्नुभयो कि राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन भारतलाई एक ज्ञान महाशक्तिमा रूपान्तरण गर्न र गुणस्तरीय शिक्षामा समतामूलक र समावेशी पहुँच सक्षम गर्न महत्वपूर्ण छ। राष्ट्रिय शिक्षा नीति–२०२० ले मातृभाषा र सबै भारतीय भाषामा शिक्षाको महत्वलाई जोड दिएको उहाले बताउनुभएको छ ।

****** ० ******

**राष्ट्रिय मानव अधिकार आयोग**

राष्ट्रिय मानव अधिकार आयोग एन.एच.आर.सी.ले दिल्लीका मुख्य सचिव र पुलिस आयुक्तलाई राष्ट्रिय राजधानी दिल्लीको उत्तर-पश्चिम जिल्लामा कारखानाबाट नौ बालिका र १४ बालकसहित २३ बाल श्रमिकको उद्धार गरिएको मिडिया रिपोर्टलाई लिएर नोटिस जारी गरेको छ। आयोगले दुई साताभित्र रिपोर्टको माग गरेको छ।

****** ० ******

**पश्चिम बङ्गाल – भर्ती घोटाला**

पश्चिम बंगालमा नगरपालिका भर्ती घोटाला मामिलाको जाँच गरिरहेको केन्द्रियएजेन्सीहरूको निम्ति कोड वर्ड्स ठूलो बाधा बन्न पुगेको छ। जफत गरिएका कागजपत्रहरूमा प्रदर्शित केही श्कोड्सश् केन्द्रिय अन्वेषण ब्यूरो र प्रवर्तननिदेशालयकाअधिकारीहरूको निम्ति बाधा बनेको छ ।सूत्र अनुसार, सीबीआई र ईडीका जाँचकर्ताहरू जसले यस मामिलामा समानान्तर जाँच गरिरहेका छन्ए. उनीहरुले कतिपय कोड्सलाई बुझिसकेका छन्भने धेरैवटा कोड्सलाई बुझ्न बाँकी रहेको छ।सूत्रले बताएको छ , एकपटक यो डिकोडिंगप्रक्रिया पूरा भएपछि कथित घोटालामा धन शोधन सम्बन्धि स्पष्ट चित्र पाइनेछ

****** ० ******

**संसद राजु -बिस्ट**

दार्जीलिङका लोकसभा सांसद राजु विष्टले आज खरसाङ महकुमा अन्तर्गत तीनधारे महानदी समष्टिका विभिन्न स्थानहरू साथै रास्ट्रीय राजमार्ग -११० अन्तर्गत पगलाझोड़ा र महानदीको पैह्रोको स्थलगत निरीक्षण गर्नुभएको छ स सांसद विष्टले तीनधारे र सिविटार जाने रोडमा गएको पैह्रोको निरीक्षण गर्दै बाघमारा बस्ती पुग्नुभयो उहाले बाघमारा बस्तीका विभिन्न समस्याहरूका साथै रोडको अवस्थाको बारे जानकारी लिनुभयोस सांसद श्री विष्टले पगलाझोड़ामा पत्रकारहरूसित बातचित गर्नुहुदै रास्ट्रीय राजमार्गको को मरमत्तिको लागि केन्द्र सरकारको सड़क अनि परिवहन विभागबाट जम्मा ४४ करोड़ आवण्टित भएको जानकारी गराउनु भएको छ स उहाले महानदीको त्रिसट्ठी पाखामा गएको पैह्रो

निरीक्षण गर्नुहुदै पैह्रोले तानेका घरहरूको पनि निरीक्षण गर्नुभयो जहाँ पूर्ण रूपमा घर क्षतिग्रस्त भएका पैह्रो पीडित परिवारहरूलाई एक लाख र अन्य पैह्रो प्रभावित चार परिवारलाई ५०.५० हजार रूपियॉ तत्काल सहयोगको रूपमा प्रदान गर्ने आश्वासन दिएको रिपोर्ट मा बताइएको छ।

****** ० ******

**उपचुनाउ- कठोर व्यवस्था**

पश्चिम बङ्गालको चार बिधानसभा क्षेत्रमा बुधवार कड़ा सुरक्षा व्यवस्थाबीचउपचुनाउ हुनेछ। चुनाउ आयोगले केन्द्रिय सशस्त्र पुलिस बल -का ५५कम्पनीलाई तैनाथ गर्ने निर्णय लिएको छ। केन्द्रिय बलहरूको सबैभन्दा अधिक बगदामा १६ कम्पनीतैनाथ हुनेछए त्यसपछि रानाघाट-दक्षिणमा १५ कम्पनीतैनाथ हुनेछ भने रायगंज र मानिकतलामा १२.१२ कम्पनीलाई तैनाथ गरिनेछ।

****** ० ******

**पश्चिम बंगालका विधानसभा उपचुनाउ**

पश्चिम बंगाल को चार विधानसभा क्षेत्रहरूमा बुधबार सम्पन्न हुनेउपचुनाउमा ३४ जना उम्मेद्वारहरूको भाग्यको फसेला हुनेछ। चारवटा विधानसभा क्षेत्रहरूमाक्रमैले उत्तर २४ परगना जिल्लाको बगदाए नदियाको रानाघाट-दक्षिणए उत्तर दिनाजपुरको रायगंज औ कोलकाताको मानिकतला सामेल छन्।मानिकतलामा तृणमूल कंग्रेसका पूर्वविधायक साधन पाण्डेको निधन भएको कारणले उपचुनाउ भइरहेको छ भने रायगंजए बगदा ररानाघाट-दक्षिणमा पूर्व भाजपा विधायकहरू क्रमैले कृष्णा कल्याणीए बिस्वजीतदास र मुकुट मणि अधिकारीले राजीनामा दिएको कारण उपचुनाउ भइरहेको छ।उनीहरूलेहालैमासम्पन्नलोकसभाचुनाउमा तृणमूल कंग्रेस उम्मेद्वारको रूपमा उम्मेद्वारितागरेका थिए जबकि यी सबैजना भाजपा उम्मेद्वारहरूबाट परास्त भएका थिए।कल्याणी र अधिकारीलाई तृणमूल कंग्रेसलेक्रमशः रायगंज र रानाघाट-दक्षिण विधानसभा क्षेत्रबाट उपचुनाउका उम्मेद्वार बनाएकोछ। मानिकतलामा सत्तासिन पार्टीले साधन पाण्डेकी पत्नी सुप्ति पाण्डेलाई मैदानमा उतारेको छ। रायगंजए रानाघाट-दक्षिण तथा मानिकतलामा तृणमूल कंग्रेसए भाजपा एवं कंग्रेस-वाम मोर्चा गठबन्धनमाझ त्रिकोणीय प्रतिस्पर्धा हुनेछ।

****** ० ******

**उपचुनाउ- कठोर व्यवस्था**

पश्चिम बङ्गालको चार बिचान्सभा क्षेत्रमा बुधवार कड़ा सुरक्षा व्यवस्थाबीच उपचुनाउ हुनेछ। चुनाउ आयोगले केन्द्रिय सशस्त्र पुलिस बल -का ५५ कम्पनीलाई तैनाथ गर्ने निर्णय लिएको छ। केन्द्रिय बलहरूको सबैभन्दा अधिक बगदामा १६ कम्पनी तैनाथ हुनेछए त्यसपछि रानाघाट-दक्षिणमा १५ कम्पनी तैनाथ हुनेछ भने रायगंज र मानिकतलामा १२.१२ कम्पनीलाई तैनाथ गरिनेछ।

****** ० ******

**भारतीय दूरसंचार नियामक प्राधिकरण – ट्राई**

भारतीय दूरसञ्चार नियामक प्राधिकरण (ट्राई) ले प्रसारण र केबल सेवा र विज्ञप्तिका लागि नियामक ढाँचामा संशोधनको सूचना जारी गरेको छ। ट्राईले नेटवर्क क्षमता शुल्कए दुई सय च्यानलका लागि १३० रुपियाँ रदुई सय भन्दा अधिक च्यानलका लागि १६० रुपियाँको एन.सी.एफ सीमा हटाएको छ। अब शुल्क बजारले नै सञ्चालन गर्नेछ। पारदर्शीता सुनिश्चित गर्नका लागि सबै शुल्क सेवा प्रदायकले अनिवार्य रुपमा प्रकाशन गर्नुपर्ने र उपभोक्तालाई जानकारी गराउनुपर्ने नियामकले जनाएको छ।

****** ० ******

**सामाजिक न्याय तथा अधिकारिता मन्त्रालय**

सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयका सचिव राजेश अग्रवालले विकलांग भएका व्यक्तिको जीवनस्तर सुधार्न रोजगारए शिक्षा र सहायक प्रविधि तीन खम्बा भएको बताउनु भएको छ । पहुँच योग्य र सहायक प्रविधिको माध्यमबाट बिकलांग भएका व्यक्तिहरूको सशक्तीकरण सम्बन्धी छैटौँ सम्मेलनलाई सम्बोधन गर्नुहुदै श्री अग्रवालले रोजगारदाताले विकलांग भएका व्यक्तिहरूलाई आफ्नो क्षमताले भ्याएसम्म उपयोग गर्नुपर्ने र यी अवसरहरूलाई परोपकारको रूपमा हेर्न नहुने बताउनु भएको छ ।

****** ० ******